# स्थानीय राजपत्र


## तिनाउ गाउँपालिकाद्धारा प्रकाशित

**खण्ड ८, भाग २, संख्या १०, मिति २०८२ पौष २९ गते**


## भाग-२
## तिनाउ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### तिनाउ गाउँपालिकाको अध्यक्षसँग युवा इलम कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यबिधि, २०८२

**प्रस्तावना :**

युवाहरूलाई उद्यमशील बनाउनका लागी तिनाउ गाउँपालिकाले युवा लक्षित कार्यक्रमहरूलाई आत्मसाथ गरेको छ । युवाहरू आर्थिक रूपमा सवल र सक्षम हुन सकेमा नगरको आर्थिक वृद्धि र विकास हुन सक्छ भन्ने कुरालाई हृदयंगम गरी तिनाउ गाउँपालिका क्षेत्र भित्र बस्ने युवाहरूको लागि अध्यक्षसँग युवा इलम कार्यक्रमको माध्यमबाट युवाहरूमा सीप र उद्यमशीलताको विकास गर्दै, उद्यमी तथा व्यवसायीहरूका लागि रोजगारीका अवसरहरू सृजना गरी आय आर्जन गर्न सक्षम वनाउन वाञ्छनीय भएकोले तिनाउ गाउँपालिकाको बिनियोजना ऐन २०८२ को दफा ४ बमोजिम  तिनाउ गाउँपालिकाले यो अध्यक्षसँग युवा इलम कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यबिधि, २०८२ जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१.**संक्षिप्त नाम** :(१) यस ऐनको नाम "तिनाउ गाउँपालिकाको अध्यक्षसँग युवा इलम कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" रहेको छ ।

२.**प्रारम्भ** : यो कार्यबिधि गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागू हुनेछ ।

३.**परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) "कार्यक्रम" भन्नाले अध्यक्षसँग युवा इलम कार्यक्रम" सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले "तिनाउ गाउँपालिकाको गाउँकार्यपालिका"लाई सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले तिनाउ गाउँपालिकाका "अध्यक्ष" लाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले तिनाउ गाउँपालिकाका "उपाध्यक्ष" लाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तिनाउ गाउँपालिकाको कार्यालयको"प्रमुख प्रशासकीय अधिकृत" लाई सम्झनु पर्छ ।

(छ) "कार्यबिधि" भन्नाले "अध्यक्षसँग युवा इलम कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) , कार्यबिधि २०८२" लाई सम्झनु पर्छ ।

(ज) "युवा" भन्नाले यस ऐन अनुसार १६ देखि ४० वर्ष सम्मका उमेर समुहका व्यक्तिलाई सम्झनु पर्छ ।

(झ) "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिका सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ६ (१) बमोजिमको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

४.**कार्यक्रमको उद्देश्यः** (१) कार्यक्रमका देहाय बमोजिम उद्देश्य रहेका छन् ।

१) तिनाउ गाउँपालिका क्षेत्र भित्र रहेका युवाहरूलाई उद्यमशील बनाई रोजगारका अवसरहरू सृजना गरेर जीविकोपार्जनमा सहयोग गर्ने ।

२) उद्यमी बन्नका लागि सीपमूलक तालिम, उद्यमशील र व्यावसायिक ज्ञान, सीपको विकास गर्दै उत्पादनका लागि स्वरोजगारमुखी एंव व्यवहारमुखी कार्यक्रमहरू तय गर्ने ।

३) तिनाउ गाउँपालिकालाई युवामैत्री गाउँपालिका बनाउने ।

४) युवाहरू तथा निम्न आय भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गराई आर्थिक रूपमा सवल र सक्षम बन्न प्रेरित गर्ने ।

५) युवाहरूको समग्र विकास मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

६) दिगो आर्थिक समृद्धिका कार्यक्रम तय गर्ने ।

**५. कार्यक्रमको कार्यक्षेत्र** :

(१) यस कार्यविधिको उद्देश्य पूरा गर्न तिनाउ गाउँपालिका क्षेत्रमा वसोवास गर्ने युवाहरू लक्षित देहाय बमोजिमका आधारभूत कार्यक्षेत्र तोकिएका छन् ।

(क) युवाहरूलाई रोजगार बनाई आर्थिक आय आर्जनमा सहयोग पुर्याउने ।

(ख) युवाहरूमा सीप, तथा उद्यमशीलताको विकास गर्ने ।

(ग) सीपमूलक कार्यक्रमहरू सञ्चालन र रोजगारी एंव स्वरोजगारीको अवसर सृजना गर्ने ।

(घ) योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

(ङ) युवामैत्री उद्यमशीलतालाई पहिलो प्राथमिकता दिई कार्यक्रमलाई अघि बढाउने ।

(च) लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने ।

**६. कार्यक्रमका रणनीति**

(क) माग र सहभागितात्मक योजना तर्जुमा प्रक्रियावाट युवा रोजगार प्रवर्धन र उद्यमशील कार्यक्रम तथा योजना छनोट गर्ने ।

(ख) लैगिंक समता एवं सामाजिक समावेसिकरण अनुसार युवा एवं महिला,दलित जनजाति, अपांगता भएका व्यक्ति एवं पछाडि परेका र गरिव घर परिवारका युवाहरूलाई प्राथमिकता दिने ।

(ग) व्यावसायिक सेवा प्रदायक संस्थाको सहयोगमा कार्यक्रम कार्यान्वयन गर्ने ।

(घ) लक्षित समुदायको पहिचान सहित वेरोजगार युवाहरूलाई प्राथमिकता दिने ।

(ङ) विदेशवाट फर्किएका युवाहरूको ज्ञान सीप तथा उद्यमशीलताको उपयोग गर्ने ।

(च) क्षमता विकास, युवा उद्यम र सीप विकास तालिम सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने ।

(ज) निजी क्षेत्र एवं विकास साझेदार निकायसंगको समन्वय र सहकार्यमा कार्यक्रम गर्ने र कार्यक्रममा एकरूपता ल्याउने प्रयास गर्ने ।

(झ).नियमित अनुगमन र मूल्याकंन गर्ने ।

## परिच्छेद -३

**७.अध्यक्षसँग युवा इलम कार्यक्रम सञ्चालक समिति सम्बन्धी व्यवस्था ः**

(१) कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूंल्याङ्कनका लागि देहाय बमोजिमको एक गाउँपालिका स्तरीय अध्यक्षसँग युवा इलम कार्यक्रम संचालक समिति रहनेछ ।

अध्यक्ष ः अध्यक्ष

सदस्य ः उपाध्यक्ष

सदस्य ः प्रमुख प्रशासकीय अधिकृत

सदस्य ः कार्यपालिकाका सदस्यहरू मध्येवाट अध्यक्षले तोकेको १ जना

सदस्य ः संयोजक, आर्थिक विकास समिति

सदस्य ः प्रशासन शाखा प्रमुख

सदस्य ः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिव ः रोजगार सेवा केन्द्र प्रमुख

(२) सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी विशेषज्ञ/विज्ञ, संघ संस्था वा कार्यालयका प्रतिनिधि वा अन्य पदाधिकारीहरूलाई बैठकमा आवश्यकता बमोजिम आमन्त्रण गर्न सक्नेछ । समितिको वैठक आवश्यकता अनुसार बस्नेछ । आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले अन्य समयमा समेत वैठकहरू बोलाउन सक्नेछ ।

(३) सञ्चालक समितिको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकास्तरमा युवा रोजगार प्रवर्धन तथा उद्यम विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत गर्नेे

ख) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत र साधनको प्रवन्ध मिलाउनेे

ग) युवा रोजगार प्रवर्धन तथा उद्यम विकासका क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी, विकास साझेदार तथा निजीक्षेत्रका संघसंस्थाहरुसँग समन्वय गर्नेे

घ) सीप तथा उद्यम विकास सम्बन्धी गाउँपालिका स्तरमा सञ्चालित कामहरुको नियमित अनुगमन, निरीक्षण तथा मूल्यांङ्कन गरी सुझाव दिने,

ङ) कार्यक्रममा लक्षित बर्गहरूको छनोट गर्ने, युवालाई उद्यमी बनाउनका लागी आवश्यक सहयोग प्रदान गर्ने,

च) युवा रोजगार प्रवर्धन तथा उद्यम विकास सम्बन्धी रणनीतिक योजना तर्जुमा गर्नेह्य

छ) सेवा प्रदायक संस्थाहरुले सम्झौता बमोजिमको कार्य गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने ं,

ज) लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी वनाउन लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत ब्यवस्था मिलाउने,

ञ) माग भई आएका सीप विकास तालिम, उद्यमशीलता तथा क्षमता विकास सम्बन्धी विभिन्न तालिमहरू सञ्चालन गर्ने तथा आवश्यक अनुगमन गर्ने, गराउने,

ट) सीप विकास तथा उद्यम प्रवर्द्धनका लागि आवश्यकता देखिएको उद्यमी, ब्यवसायी ब्यक्ति तथा समूहलाई तालिम तथा प्रविधि हस्तान्तरण गरि सहयोग प्रदान गर्ने ।

ठ) सीप विकास तथा उद्यम सम्वन्धी गाउँपालिकामा रहेका तालिम प्रदायक संस्था एंव विज्ञसंग समन्वय गरी प्राविधिक सहयोग लिने र

ड) रोजगार सेवा केन्द्रलाई आवश्यक मार्गदर्शन गर्ने ।

## परिच्छेद -४

**८.अध्यक्षसँग युवा ईलम कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरू गर्न सकिनेछ ।**

अध्यक्षसँग युवा ईलम कार्यक्रमले देहाय अनुसारका दुई प्रकृतिका कार्यक्रमलाई आत्मसाथ गर्ने छ । गाउँपालिका क्षेत्रमा युवाहरूलाई लक्षित गरी कार्यान्वयन हुने तालिमहरूका कार्यक्रमसंग सम्वन्धित विस्तृत उद्योग एवं उद्यमका क्षेत्रहरू अनुसूची-१ मा उल्लेख गरिएको छ ।

(१) युवाहरूको सीप विकास गरी रोजगारका अवसर प्राप्त प्रदान गर्ने तालिमः

तालिम लिन ईच्छुक युवाहरूलाई सेवा प्रदायक संस्था मार्फत उनीहरूको माग अनुसारको वार्षिक वजेट तथा कार्यक्रमले संवोधन गरिएका सीप विकास तथा ब्यावसायिक तालिमहरू सञ्चालन गरी उनीहरूलाई श्रम तथा रोजगार प्रवर्धन शाखा मार्फत गाउँपालिका क्षेत्रका उद्योग, कलकारखानामा तथा सेवा उद्योग लगायत अन्य ब्यावसायिक रोजगारदाताहरूसंग समन्वय गरी रोजगार दिलाउने कार्यमा सहजिकरण गर्ने ।

(२) युवाहरूलाई ब्यवसायी तथा उद्यमि वनाउने प्रकृतिको तालिम :

युवाहरूमा उद्यमशीलताको विकास गरी उद्यमशील वनाउने र खासगरी युवाहरूको चाहना र क्षमता अनुसार लघु, घरेलु, साना र मझौला उद्यमहरू स्थापना गर्न सक्ने वनाउने र दिगो उद्यमशीलता विकासको लागि तोकिएको शर्तका आधारमा प्रविधि हस्तान्तरण एंव प्राविधिक सहयोग प्रदान गर्ने ।

(३) तिनाउ गाउँपालिका क्षेत्र भित्र तालिम लिएर ब्यवसाय सुरू गरेका वा खोजेका युवाहरूलाई ब्यवसाय सञ्चालन गर्न अनुदानमामा जिन्सी तथा सामान सहयोग गर्ने ।

(४) बिदेशबाट फर्किएका ब्यक्तिहरूले आफुले गर्न खोजेको उद्यमको ब्यवसाययिक योजना अनुसार प्रविधिमा सहयोग गर्ने ।

(५)यस कार्यक्रम अर्न्तगत सहयोग गर्ने अनुदानमा सञ्चालक समितिको मूल्याकंन तथा निर्णय अनुसार कम्तिमा ३० प्रतिशत लागत साझेदारीमा प्रविधि हस्तान्तरण सहयोग गर्ने ।

**९.कार्यक्रम छनौट तथा कार्यान्वयनः**

(१) अध्यक्षसँग युवा ईलम कार्यक्रमका लागि बजारीकरण सम्भावना भएको स्वरोजगारको बजारको अवस्था, बजारको माग, युवाहरूको माग लगायतलाई मध्यनजर गर्दै तालिम कार्यक्रमको विषयवस्तु छनौटमा प्राथमिकता दिईने छ ।

(२) सहभागी छनौट गर्दा विपन्न र अति विपन्न युवाहरू (एकल महिला, हिंसा पीडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सीमान्तकृत) वर्गलाई विशेष प्राथमिकता दिइने छ ।

(३) वडास्तरबाट सीप विकास कार्यक्रम माग भई आएमा सञ्चालक समितिले आवश्यकता र औचित्यता हेरि कार्यक्रम अगाडि बढाउन स्वीकृति दिन सक्ने छ ।

(४) युवा सशक्तिकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरूसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

(५) वैदेशिक रोजगारबाट फर्कि आएका युवाहरूलाई उद्यमशीलता सम्बन्धी कार्यक्रममा सहभागी गराई तोकिएको शर्तका आधारमा आवश्यक सहयोग गर्न सकिनेछ ।

६) कार्यक्रम सञ्चालनका सम्बन्धमा र प्रविधि हस्तान्तरणको निर्णय सञ्चालन समितिले गरे बमोजिम हुनेछ ।

## परिच्छेद -५

**१०. सेवा प्रदायक संघ, संस्था वा व्यक्ति छनौटको आधार**

(१) तिनाउ गाउँपालिकाले तालिम सञ्चालनार्थ सेवा परामर्श आवश्यक भएमा सेवा प्रदायक संस्थाहरुसँग गरिने आपसी सम्झौतामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेखित व्यवस्थालाई मध्यनजर गर्दै कार्यक्रम कार्यन्वयन गर्न सकिनेछ ।

**११.बजेट सम्बन्धी व्यवस्था** : कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्थापन तिनाउ गाउँपालिकाको आफनै स्रोत वा विभिन्न सहयोगी दातृ निकायसंग समन्वय गरी बजेट व्यवस्था गरिने छ ।

**१२.कार्यक्रमको अनुगमन** : कार्यक्रम सञ्चालन गर्ने क्रममा तथा कार्यान्वयनका चरणहरूमा कार्यक्रमको आवश्यक अनुगमन तिनाउ गाउँपालिकाको गाउँपालिका स्तरीय अनुगमन समितिले गर्नेछ । साथै आवश्यकताका बखत कार्यक्रमको अनुगमन सञ्चालक समितिले समेत गर्न सक्नेछ ।

## परिच्छेद - ६

**१३. विविध :**

(१) बाधा अड्काउ फुकाउने तथा व्याख्या गर्ने अधिकारः ऐनको उल्लेखित दफाहरूको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार यो कार्यविधि र प्रचलित ऐनको प्रतिकुल नहुने गरी अध्यक्ष संग युवा ईलम कार्यक्रम सञ्चालक समितिमा रहनेछ ।

(२) संशोधन सम्बन्धी व्यवस्थाः यस कार्यबिधिको कुनै दफा संशोधन वा परिमार्जन गर्ने अधिकार कार्यपालिकामा निहित हुनेछ ।

प्रमाणीकरण मितिः २०८२/०८/१८.

**आज्ञाले**
**दिनेश सारू**
**प्रमुख प्रशासकीय अधिकृत**

# अनुसूची - १

अध्यक्षसंग युवा ईलम कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाको ढाँचा

अध्यक्षसंग युवा ईलम कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : ..................................**

यस कार्यालयको आ.व. २०..../....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरूलाई अध्यक्षसंग युवा ईलम कार्यक्रम मार्फत स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ४० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायी वसोवास गर्ने युवाहरूले पेश गर्नेगरी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ ।

पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरू संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

१. अनुसुची ३ अनुसारको आवेदन फाराम

२. अनुसुची ५ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी) को प्रतिलिपीहरू

५. कार्यविधि गाउँपालिकाको वेवसाईट : www.tinaumun.gov.np मा हेर्न सकिनेछ ।

६. थप जानकारीका लागि सम्पर्क : र इमेल : tinaururalmunicipality@gmail.com

नोट : यस सुचनामा उल्लेखभए वाहेकका विषयमा प्रचलित कानून र गाउँ कार्यपालिकको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची-२

निम्न बमोजिमका विषयगत तालिमहरूलाई यस कार्यक्रमको माध्यमबाट संचालन गर्न सकिने छ ।

**लामो अवधिको तालिम**

१. .कुक तालिम
२. एसी, रेफ्रिजेरेटर मर्मत तालिम
३. प्लम्बिङ्ग तालिम
४. फेशन डिजाइनर तालिम
५. जनरल मेकानिक र  सोलार इलेक्ट्रिक
६. अटोमेकानिक र हेभि इक्यूपमेन्ट मर्मत
७. कफि बनाउने -वारिष्ता
८. फाष्टफूड
९. हेयर कटिङ्ग एण्ड ब्युटीपार्लर
१०.फेसन डिजाईन
११.नर्सरी उद्यम
१२.डेरी उद्यम
१३.बाख्रा तथा कुखुरा पालन
१४.पापड, भुजिया तथा फुरनदाना बनाउने
१५.डल तथा कुशन बनाउने
१६.जुत्ता बनाउने तालिम
१७.इलेक्ट्रिसियन
१८.आधारभुत सिलाई कटाई
१९.कपडाको झोला बनाउने तालिम
२०.कपडाको जुत्ता बनाउने तालिम
२१.एडभान्स सिलाई कटाई
२२.अचार बनाउने तालिम
२३.भिडियो तथा फोटोग्राफर
२४.बाजा बजाउने
२५. अन्य सिप तथा रोजगारमूलक तालिमहरू

उल्लेखित तालिमको सूचीमा नभएका तर माग, बजारीकरण र अवश्यकता अनुसार अन्य तालिम संचालक समितिबाट निर्णय गराई संचालन गर्न सकिने छ ।

**अनुसूची-३**

**तिनाउ गाउँपालिका**
**तिनाउ गाउँकार्यपालिकाको कार्यालय, पाल्पा**
**अध्यक्षसँग युवा इलम कार्यक्रम**
**(तालिमका लागी आवेदन)**

फोटो

**दरखास्त फारम**

नामः
जन्म मितिः लिङ्ग : जातिः
नागरिकता नं. र जारी जिल्लाः
बुबाको नामः
आमाको नामः
पती/पत्नीको नामः
ठेगाना : वडा नं. ......, टोलको नाम.......................... पथ/सडकको नाम....................................
शैक्षिक योग्यता :
हालको पेसा/व्यवसायः
तालिम लिन चाहेको विषय :
यस पूर्व तालिम लिएको भए सोको विवरण :
बैदेशिक रोजगारीमा गएको : ☐ हो ☐ होइन
यस तालिम कार्यक्रममा तोकिएको अवधिभर निरन्तर सक्रिय सहभागी हुनेछु, । तालिम कार्यक्रमको बीचमा छाड्ने छैन, यदी छाडेमा मेरो तालिमको लागि भएको खर्च भराई लिएमा मेरो मन्जुरी रहने छ ।
प्रशिक्षार्थीको दस्तखत : ............ सम्पर्क नं............ मितिः
म मेरो छोरा/छोरी/बुहारी/पति/पत्नीलाई उल्लेखित तालिममा सहभागी गराई दिन अनुरोध साथ सिफारिस गर्दछु ।
अभिभावकको नामः............................................ नाता : ................ दस्तखतः.....................

**वडा**
**कार्यालयको सिफारिस**
..............................

**आवश्यक कागजातहरू :**

# अनुसूची - ४

अध्यक्षसंग युवा ईलम कार्यक्रमवाट प्रविधि अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् प्रमुख प्रशासकिय प्रमुख ज्यु,
तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा ।

विषय : प्रविधि सहयोग गराईदिने वारे ।

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ............................................ कार्य गर्न तिव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु ।

पुनश्च : तपशिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल :

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा ब्यवसाय सम्वन्धीत निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदीको प्रतिलिपिहरू)
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको हकमा पासपोटको प्रतिलिपी

निवेदक

नाम :

दस्तखत :

ठेगाना :

# अनुसूचि ४

अध्यक्षसंग युवा ईलम कार्यक्रमवाट अनुदान प्राप्त गर्नको लागि पेश गरिने
**संक्षिप्त व्यावसायिक कार्ययोजना** : (पुरानो तथा नयाँ व्यवसायी सबैका लागी)

गर्न चाहेको पेशा व्यवसायको नाम : सम्पर्क नम्वर :

ठेगाना : पाल्पा जिल्ला, तिनाउ गाउँपालिका

वडा नं. .......... टोल : ............................ पेशा/व्यवसाय गरिने स्थान :

व्यवसायिक हुन गरिने पेशा/व्यवसायको कार्यविवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान प्रविधिमा | नीजि लगानी | जम्मा लगानी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ..................... महिना ...................

२. पेशा/व्यवासयाको किसिम :

३. पेशा/व्यवसायको कुल लागत :

४. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :

५. पेशा/व्यवसाय गरेको जग्गाको कुल क्षेत्रफल :

६. पेशा/व्यवसायका प्रयोग हुने प्रविधि :

८. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थापन :

क. पारिवारिक : महिला संख्या : ................, पुरुष संख्या : .............ख.

वाहिरवाट : महिला संख्या : ................, पुरुष संख्या :..........

१०. उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल :

ईलम कार्यक्रमबाट अनुदान प्राप्त गर्ने तर्फबाट सहि गर्ने :

नामः संस्थाको छापः

दस्तखत : मिति :